**कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) को विधान २०७०**
**पहिलो संशोधनको लागि प्रस्तावित तीनमहले**
**मिति २०७३ पुस ९ गतेको साधारण सभामा प्रस्तुत**

| सविकको व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **१. नाम र प्रारम्भ:**<br>क) नाम: यस विधानको नाम कम्प्युटर एसोसिएसन नेपाल महासंघको विधान २०७० रहेको छ । महासंघको नाम नेपालीमा **"कम्प्युटर एसोसिएसन नेपाल महासंघ"** र अंग्रेजीमा **"Federation of Computer Association Nepal"** हुनेछ । छोटकरीमा नेपालीमा "क्यान महासंघ" र अंग्रेजीमा "**CAN Federation**" भनिनेछ । | **१. नाम र प्रारम्भ:**<br>क) नाम: यस विधानको नाम क्यान महासंघ को विधान २०७० रहेको छ । महासंघको नाम नेपालीमा कम्प्युटर एसोसिएसन नेपाल महासंघ र अंग्रेजीमा Federation of Computer Association Nepal हुनेछ । छोटकरीमा नेपालीमा क्यान महासंघ र अंग्रेजीमा CAN Federation भनिने छ जुन यस संस्थाको छाप तथा आधिकारीक प्रयोजनको लागि समेत प्रयोग गरिनेछ । | विधानको धेरै ठाउँमा प्रयोग भएको हुँदा |
| **४. महासंघको उद्देश्य** | घ) सुचना तथा संचार प्रविधिका नविनतम प्रविधिहरुको विकाश विस्तार र उपयोग, सफ्टवेयरको विकास विस्तार र प्रवर्धन, ई ईनेबल सर्विसेसहरुको विकास विस्तार र प्रयोग, सुचना प्रविधिको भर्चुअल पुर्वाधारको विकास विस्तार र प्रयोग, प्रविधि रुपान्तरणका क्षेत्रमा कार्य गर्ने । | सुचना तथा संचार प्रविधिमा आयका नविनतम कार्यक्षेत्रहरुलाई समेट्नको लागि । |
| **६.६ अन्तराष्ट्रिय संघ सदस्यता:** यस महासंघको नाम, लोगो र उद्देश्य प्रयोग हुने गरी कम्प्यूटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिसँग सम्वन्धित व्यक्ति, फर्म वा कम्पनीहरू एक आपसमा मिलेर अन्तराष्ट्रिय रुपमा गठन भई यस संस्थासँग आवद्द हुन आउने संस्थालाई अन्तराष्ट्रिय संघ सदस्यता प्रदान गरिने छ । तर एक देशवाट एउटा भन्दा बढि यस्ता सदस्य आवद्ध हुन सक्ने छैन । यस्ता सदस्यहरूलाई | **६.६ अन्तराष्ट्रिय संघ सदस्यता:** यस महासंघको नाम, लोगो र उद्देश्य प्रयोग हुने गरी कम्प्यूटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिसँग सम्वन्धित व्यक्ति, फर्म वा कम्पनीहरू एक आपसमा मिलेर अन्तराष्ट्रिय रुपमा गठन भई यस संस्थासँग आवद्द हुन आउने संस्थालाई अन्तराष्ट्रिय संघ सदस्यता प्रदान गरिने छ । तर एक देशबाट एउटा भन्दा बढि यस्ता सदस्य आवद्ध हुन सक्ने छैन । यस्ता सदस्यहरू मानार्थ सदस्यको हैसियतमा रहने छ ।<br>६.७ १० बर्ष अविछिन्नरुपमा नविकरण भएका व्यक्तिगत साधारण | सदस्यको सम्मानको लागि |

| | | |
|---|---|---|
| मताधिकार लगायतका निर्वाचन सँग सम्बन्धीत कुनै पनि अधिकार रहनेछैन । | सदस्यहरु आजिवन व्यक्तिगत साधारण सदस्य बन्न चाहेमा प्रक्रिया पुरा गरी केन्द्रिय कार्यसमितिले व्यक्तिगत आजिवन सदस्यता प्रदान गर्न सकिनेछ । | |
| **९. सदस्यता शुल्क :**<br>(क) सदस्यता शुल्क केन्द्रिय कार्य समितिले तोके बमोजिम हुनेछ ।<br>(ख) लगातार ३ वर्षसम्म नविकरण नगर्ने सदस्यको सदस्यता स्वत: खारेज हुनेछ । यसरी सदस्यता खारेज भएका ब्यक्ति वा संघ संस्थाहरू ले पुन: सदस्य बन्न चाहेमा नयाँ प्रक्रिया मार्फत सदस्यता माग गर्नु पर्नेछ । | (ग) जिल्ला शाखाहरूको हकमा प्रत्येक सदस्यता तथा नवीकरण दस्तुर मध्ये सदस्यता शुल्क र प्रवेश शुल्कको १५ प्रतिशत रकम प्रदेश महासंघ र १० प्रतिशत केन्द्रीय समितिको कोषमा जम्मा गर्नुपर्ने छ ।<br>(क) र (ख) यथावत रहेनेछ । | यसमा व्यवस्था भएको सदस्यता शुल्क राष्ट्र पुर्ण संघियतामा गएपछि मात्र लागु हुने । प्रदेशमा नजादा साबिकको व्यवस्था अनुसार हुनेछ । |
| **१७. केन्द्रीय समितिको गठन:**<br>(१) केन्द्रिय कार्य समिति ३१ सदस्यीय हुनेछ । जसमा अध्यक्ष साधारण सभामा उपस्थित प्रतिनिधिहरू मार्फत प्रत्यक्ष निर्वाचनबाट १ जना, जिल्ला शाखाबाट आफ्नो सदस्य समुहबाटै साधारण सभाको निर्वाचन प्रक्रिया मार्फत १० जना, संस्थागत सदस्य समुहबाट ७ जना (संस्थागत साधारण ५ र संस्थागत आजीवन २), व्यक्तिगत सदस्य समुहको तर्फबाट ७ जना (व्यक्तिगत साधारण ५ र व्यक्तिगत आजीवन २), विषयगत सदस्य समुहबाट २ जनाको प्रतिनिधित्व हुने र नवनिर्वाचित अध्यक्षबाट मनोनित ३ जना । निर्वतमान अध्यक्ष १ (एक) महासंघको पदेन सदस्य हुनेछन् । जिल्ला शाखा, संस्थागत सदस्य समुह, व्यक्तिगत सदस्य समुह र विषयगत सदस्य समुहबाट महिला उम्मेद्वारको सहभागिता ३३ प्रतिशतका दरले गराईनेछ । तर उल्लेखित बमोजिम महिलाको मनोनयन पत्र दर्ता हुन नसकेमा वा सो बमोजिम मनोनयन पत्र दर्ता भएमा, मनोनयन पत्र | **१७. केन्द्रीय समितिको गठन:**<br>(१) केन्द्रिय कार्य समिति ४३ सदस्यीय हुनेछ । जसमा अध्यक्ष साधारण सभामा उपस्थित प्रतिनिधिहरू मार्फत प्रत्यक्ष निर्वाचनबाट १ जना, जिल्ला शाखाबाट आफ्नो सदस्य समुहबाटै साधारण सभाको निर्वाचन प्रक्रिया मार्फत १४ जना, संस्थागत सदस्य समुहबाट १० जना (संस्थागत साधारण ७ र संस्थागत आजीवन ३), व्यक्तिगत सदस्य समुहको तर्फबाट १० जना (व्यक्तिगत साधारण ७ र व्यक्तिगत आजीवन ३), विषयगत सदस्य समुहबाट ४ जनाको प्रतिनिधित्व हुने र नवनिर्वाचित अध्यक्षबाट मनोनित ३ जना । निर्वतमान अध्यक्ष १ (एक) महासंघको पदेन सदस्य हुनेछन् । जिल्ला शाखा, संस्थागत सदस्य समुह, व्यक्तिगत सदस्य समुह र विषयगत सदस्य समुहबाट महिला उम्मेद्वारको सहभागिता ३३ प्रतिशतका दरले गराईनेछ । तर उल्लेखित बमोजिम महिलाको मनोनयन पत्र दर्ता हुन नसकेमा वा सो बमोजिम मनोनयन पत्र दर्ता भएमा, मनोनयन पत्र दर्ता भएकाहरू बीच सामान्य बहुमतीय प्रणाली (First-Post-the-Post System) को आधारमा आवश्यक संख्या बराबरको उम्मेद्वारलाई विजयी घोषणा गर्न बाधा पुगेको मानिने छैन । | कार्य सम्पादन गर्नको लागि र केहि पद थपघट गर्नुपर्ने कारणमा देश संघियतामा गएको हुदा र संघियताको पुर्ण कार्यन्वयनमा गए पछि लागु हुनेछ । |

दर्ता भएकाहरू बीच सामान्य बहुमतीय प्रणाली (First-Post-the-Post-System) को आधारमा आवश्यक संख्या बराबरको उम्मेद्वारलाई विजयी घोषणा गर्न बाधा पुगेको मानिने छैन ।

(क) अध्यक्ष (प्रत्यक्ष) १ (एक)
(ख) निर्वतमान अध्यक्ष १ (एक)
(ग) उपाध्यक्ष ३ (तिन)
(घ) महासचिव १ (एक)
(ङ) सचिव १ (एक)
(च) कोषाध्यक्ष १ (एक)
(छ) सदस्य २० (बीस)
(ज) अध्यक्षबाट मनोनित ३ (तीन)
जम्मा: ३१ (एकतीस)

(२) महासंघको ३ (तीन) उपाध्यक्षहरू देहाय बमोजिमको समूहको हुनुपर्नेछ ।

(क) व्यक्तिगत, संस्थागत र विषयगत सदस्य समुहबाट २ जना र जिल्ला शाखाहरू बाट १ ( एक) जना गरी ३ जना उपाध्यक्षहरू को चयन गरिनेछ ।

(ख) प्रथम (वरिष्ठ), द्वितीय र तृतिय उपाध्यक्षहरू एवं पदाधिकारीहरू चयन गर्ने कार्य महासंघको केन्द्रिय कार्य समितिले गर्नेछ ।

(३)महासंघको केन्द्रीय समितिका सदस्यहरू देहाय बमोजिम निर्वाचित हुनेछन् ।

(क) निवर्तमान अध्यक्ष स्वत: महासंघको पदेन सदस्य रहनेछन् । निजको बरियताक्रम अध्यक्ष पछिको रहनेछ ।

(ख) व्यक्तिगत साधारण एवं आजीवन सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको ७ (सात) जना (

(क) अध्यक्ष (प्रत्यक्ष) १ (एक)
(ख) निर्वतमान अध्यक्ष १ (एक)
(ग) उपाध्यक्ष ४ (चार)
(घ) महासचिव १ (एक)
(ङ) सचिव ३ (तीन)
(च) कोषाध्यक्ष १ (एक)
(छ) सह कोषाध्यक्ष १ (एक)
(ज) सदस्य २८(अठ्ठाईस)
(झ) अध्यक्षबाट मनोनित ३ (तीन)
जम्मा: ४३(त्रिचालिस)

(२) महासंघको ४ (चार) उपाध्यक्षहरू देहाय बमोजिमको समूहको हुनुपर्नेछ ।

(क) व्यक्तिगत सदस्यसमुहबाट १ (एक), संस्थागत र विषयगत सदस्य समुहबाट १ (एक) जना र जिल्ला शाखाहरू बाट १ (एक) जना, महिला सदस्यहरुबाट १ (एक) जना गरी ४ जना उपाध्यक्षहरूको चयन गरिनेछ ।

(ख) ४ जना उपाध्याक्ष मध्यबाट १ जना वरिष्ठ उपाध्यक्ष कार्यसमितिले चयन गरिने छ ।

(३) महासंघको ३ (तीन) सचिवहरू देहाय बमोजिमको समूहको हुनुपर्नेछ ।

(क) व्यक्तिगत सदस्य समुहबाट १ (एक), संस्थागत र विषयगत सदस्य समुहबाट १ (एक) र जिल्ला शाखाहरू बाट १ (एक) जना गरी ३ जना सचिबहरूको चयन गरिनेछ ।

(४) महासंघको सह कोषाध्यक्ष जिल्ला सदस्य समूहबाट निवाचित सदस्यहरु मध्यबाट निर्वाचित गरिनेछ ।

(५) महासंघको केन्द्रीय समितिका सदस्यहरू देहाय बमोजिम निर्वाचित हुनेछन् ।

(क) निवर्तमान अध्यक्ष स्वत: महासंघको पदेन सदस्य रहनेछन् । निजको बरियताक्रम अध्यक्ष पछिको रहनेछ ।

(ख) व्यक्तिगत साधारण एवं आजीवन सदस्यहरूले आफूमध्येबाट

एक जना उपाध्यक्ष सहित) ।

(ग) संस्थागत साधारण एवं आजीवन सदस्यहरू ले आफूहरू मध्येबाट निर्वाचित गरेको ७ (सात) जना (एक जना उपाध्यक्ष सहित)।

(घ) विषयगत सदस्यहरू ले आफूहरू मध्येबाट निर्वाचित गरेको २ (दुई) जना ।

(ङ) जिल्ला शाखाहरू ले विकास क्षेत्रगत रुपमा निर्वाचित गरेको १० (दश) जना एक जना उपाध्यक्ष सहित (नेपाल सरकारको हाल विद्यमान भौगोलीक बिभाजन अनुरुप हरेक बिकास क्षेत्रबाट २/२ जनाको प्रतिनिधित्व हुनुपर्नेछ । त्यसरी प्रतिनिधित्व हुँदा २ जना फरक फरक अञ्चलको समेत हुनुपर्नेछ) । तर यस समुह अन्तरगतको उपाध्यक्षको चयन भने यस विधानको दफा १७ को उपदफा १ मा उल्लेखित १० (दश) जना निर्वाचित सदस्यहरू मध्येबाट गरिनेछ ।

(च) निर्वाचनमा मतदान तथा उम्मेद्वारीको लागि विषयगत र जिल्ला शाखाको तर्फबाट अनिवार्य रुपमा महाधिवेशन प्रतिनिधि भएको हुनुपर्नेछ ।

(छ) अध्यक्षले साधारण सदस्य मध्येबाट ३ जना, निर्वाचित २७ (सत्ताईस) अध्यक्ष १ सहित र निवर्तमान अध्यक्ष १ समेत जम्मा ३१ जनाको केन्द्रिय समिति हुनेछ ।

(छ) काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका सबै सदस्यहरू महासंघको केन्द्रिय समितिको प्रत्यक्ष कार्यक्षेत्रभित्र रहनेछन् । उक्त जिल्लाहरूमा महासंघको कुनै पनि शाखा उपशाखाहरू रहने छैनन् ।

(४) महासंघको केन्द्रीय समिति तथा जिल्ला समितिको

निर्वाचित गरेको १० (दस) जना ।

(ग) संस्थागत साधारण एवं आजीवन सदस्यहरूले आफूहरू मध्येबाट निर्वाचित गरेको १० (दस) जना ।

(घ) विषयगत सदस्यहरूले आफूहरू मध्येबाट निर्वाचित गरेको ४ (चार) जना ।

(ङ) जिल्ला शाखाहरुले प्रदेश क्षेत्रगत रूपमा निर्वाचित गरेका १४ जना प्रत्येक प्रदेशबाट २ जना निर्वाचित भै केन्द्रिय कार्यसमितिको सदस्य हुनेछन र केन्द्रीय सदस्य उमेदवार हुनको लागि १ कार्यकाल जिल्ला शाखाको अध्यक्ष भइसकेको हुनु पर्ने छ । उल्लेखित सदस्यहरु मध्ये केन्द्रिय कार्यसमितिमा १ उपाध्यक्ष, १ सचिव, १ सहकोषाध्यक्ष निर्बाचित हुनेछ । गरिने छ ।

(च) निर्वाचनमा मतदान तथा उम्मेद्वारीको लागि विषयगत र जिल्ला शाखाको तर्फबाट अनिवार्य रुपमा महाधिवेशन प्रतिनिधि भएको हुनुपर्नेछ ।

(छ) अध्यक्षले सदस्य समुहहरुबाट १ जना महिला सहित ३ जना मनोनित गरिने छ ।

(६) महासंघको केन्द्रीय समिति, प्रदेश समिति तथा जिल्ला समितिको पदावधि निर्वाचन भएको मितिले २ (दुई) वर्षको हुनेछ । नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नु पर्नेछ । विषेश परिस्थीति परेमा केन्द्रिय कार्य समिति को निर्णय बमोजिम केन्द्रमा बढीमा ६ महिना सम्म र जिल्ला शाखामा बढीमा ३ महिना सम्म म्याद थपगर्न सकिनेछ ।

(७) केन्द्रिय समितिको पदाधिकारीहरू चयन सम्बन्धी कार्य बिभिन्न समूहबाट निर्बाचित भै आएका सदस्यहरूबाट संसदीय प्रणाली (क्याविनेट प्रणाली) अनुरुप निर्वाचित गरिनेछ । यसरी पदाधिकारीहरू चयन गर्दा माथी उपदफा २ बमोजिमको समूहलाई मध्यनजर राखी कार्य सम्पादन गरिनेछ । अध्यक्षबाट मनोनीत सदस्यहरूको पदावधि केन्द्रीय समितिको पदावधि रहेसम्म कायम रहनेछ । कुनै समूहबाट निर्वाचन प्रकृया मार्फत उम्मेदवार कार्यसमितिमा प्रतिनिधीत्व गर्न नसकेमा वा कुनै सदस्यले राजिनामा दिएमा सकेसम्म सोही समूहबाट र अन्यथा

पदावधि निर्वाचन भएको मितिले ३ (तीन) वर्षको हुनेछ । नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नु पर्नेछ ।

(५) केन्द्रिय समितिको पदाधिकारीहरू चयन सम्बन्धी कार्य बिभिन्न समूहबाट निर्बाचित भै आएका सदस्यहरू बाट (संसदीय प्रणाली अनुरुप) निर्वाचित गरिनेछ । यसरी पदाधिकारीहरू चयन गर्दा माथी उपदफा २ बमोजिमको समूहलाई मध्यनजर राखी कार्य सम्पादन गरिनेछ । अध्यक्षबाट मनोनीत सदस्यहरूको पदावधि केन्द्रीय समितिको पदावधि रहेसम्म कायम रहनेछ । कुनै समूहबाट निर्वाचन प्रकृया मार्फत उम्मेदवार कार्यसमितिमा प्रतिनिधीत्व गर्न नसकेमा वा कुनै सदस्यले राजिनामा दिएमा सकेसम्म सोही समूहबाट र अन्यथा अन्य समूहबाट समेत केन्द्रिय कार्यसमितिले मनोनयन प्रकृया बाट पदपुर्ती गर्न सक्नेछ । यसरी मनोनयन गरेको सदस्य वा पदाधिकारीको समयाबधि उक्त कार्यसमिति सरह नै हुनेछ ।

(६) महासंघको एक कार्याबधि ३ (तीन) वर्षको हुनेछ । अध्यक्षको कार्यकाल १ (एक) कार्यावधि मात्र हुनेछ ।

(७) यस उपदफा बमोजिम गठन हुने केन्द्रीय समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा एक कार्यकाल पदाधिकारी भई कार्यकाल पुरा गरेको हुनुपर्नेछ, अन्य पदाधिकारी बन्नको लागि एक कार्यकाल केन्द्रिय सदस्य भएको हुनुपर्नेछ भने केन्द्रिय कार्यसमिति सदस्यको हकमा ३ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनु पर्नेछ । महासंघको प्रथम महाधिवेशनको हकमा भने तत्कालिन क्यानको केन्द्रिय समितिमा रहेर काम गरिसकेको व्यक्तिलाई नै पदाधिकारी र सदस्य भनेर

अन्य समूहबाट समेत केन्द्रिय कार्यसमितिले मनोनयन प्रकृयाबाट पदपुर्ती गर्न सक्नेछ । यसरी मनोनयन गरेको सदस्य वा पदाधिकारीको समयाबधि उक्त कार्यसमिति सरह नै हुनेछ ।

(८) महासंघको एक कार्याबधि २ (दुई) वर्षको हुनेछ । अध्यक्षको कार्यकाल १ (एक) कार्यावधि मात्र हुनेछ ।

(९) यस उपदफा बमोजिम गठन हुने केन्द्रीय समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा एक कार्यकाल पदाधिकारी भई कार्यकाल पुरा गरेको हुनुपर्नेछ, अन्य पदाधिकारी बन्नको लागि एक कार्यकाल केन्द्रिय सदस्य भएको हुनुपर्नेछ भने केन्द्रिय कार्यसमिति सदस्यको हकमा ३ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनु पर्नेछ । महासंघको प्रथम महाधिवेशनको हकमा भने तत्कालिन क्यानको केन्द्रिय समितिमा रहेर काम गरिसकेको व्यक्तिलाई नै पदाधिकारी र सदस्य भनेर बुझाउनेछ ।

***नोट : दफा १७ मा परिवर्तित व्यवस्था संघियताको पुर्ण कार्यन्वयन भएपछि लागु हुनेछ । सो भन्दा अगाडी विद्यमान व्यवस्था अनुसारनै हुनेछ ।***

| | | |
|---|---|---|
| बुझाउनेछ । | | |
| **साविकमा नभएको** | **(१८) प्रदेश शाखाको गठन र गठन विधि**<br>(क) जिल्ला शाखाहरू गठन भएको प्रदेशभित्रको जिल्लाहरूबाट प्रदेश महासंघ गठन हुनेछ ।<br>(ख) एक प्रदेशमा १ मात्र प्रदेश महासंघ हुनेछ ।<br><br>(१९) प्रदेश महासंघ कार्यसमिति देहाय बमिजिम हुनेछ ।<br>(क) प्रदेश महासंघको अध्यक्ष सम्बन्धित प्रदेशका जिल्लाशाखाको अध्यक्षहरुबाट निर्बाचित हुनेछ ।<br>(ख) सम्बन्धित प्रदेशका जिल्ला शाखाहरुका अध्यक्ष प्रदेश कार्यसमितिका पदेन सदस्य हुने छन् । केन्द्रिय कार्यसमितिमा सम्बन्धीत प्रदेश को प्रतिनिधित्व गर्ने सदस्य सम्बन्धित प्रदेश महासंघको सल्लाहाकार हुनेछन ।<br>(ग) प्रदेश महासंघको कार्यसमितिमा उपाध्यक्ष १ (एक), सचिव १ (एक), सहसचिव १ (एक), कोषाध्यक्ष १ (एक), र अन्य सदस्यहरू रहेको प्रदेश कार्यसमिति हुनेछ । जसको निर्बाचन संसदिय प्रणाली अनुसार जिल्लाशाखाको अध्यक्षहरुबाट हुनेछ ।<br>(घ) प्रदेश महासंघको अध्यक्ष हुन कम्तीमा १ कार्यकाल जिल्ला शाखाको अध्यक्ष भएको हुनुपर्नेछ । अन्य पदको लागि जिल्ला शाखाको पदाधिकारी भएको हुनुपर्नेछ र कार्यसमिति सदस्य हुन १ कार्यकाल जिल्ला शाखाको पदाधिकारी भएको हुनुपर्नेछ ।<br>(ङ) प्रदेश महासंघको बार्षिक साधारण सभा र प्रदेश अधिवेशन सम्बन्धित प्रदेशमा हुनेछ ।<br>(च) प्रदेश महासंघको कार्यसमितिमा निवाचित अध्यक्षले एक जना महिला सहित जिल्ला शाखाका सदस्य समुहको प्रतिनिधित्व हुने गरी ३ जना मनोनित गरिनेछ ।<br>(छ) प्रदेश महासंघको काम, कर्तव्य र अधिकार केन्द्रिय कार्यसमितिले कार्यविधि बनाई लागु गर्नेछ ।<br>(२०) प्रदेश महासंघ सम्बन्धी उल्लेखित व्यवस्था नेपाल सरकारको | देश संघियतामा गएकोले |

| | | |
|---|---|---|
| | प्रदेशको निर्वाचन र सम्रचना लागु भए पश्चात गरिने छ तर सो अघि सम्बन्धित प्रदेशको सम्बन्धित जिल्लाशाखा बाट हाल केन्द्रिय कार्यसमितिमा प्रतिनिधित्व गर्ने सदस्यहरु र विद्यमान जिल्लाशाखा अध्यक्षहरु मध्येबाट प्रबन्ध समिति गठन गर्न सकिनेछ । सो प्रबन्ध समिति को संयोजक सदस्यहरुबाटै छनोट गरिनेछ । | |
| | **परिच्छेद ६**<br>(१९) जिल्ला शाखा कार्यसमिति: जिल्ला शाखा सञ्चालनका लागि जिल्लामा सम्पन्न हुने अधिबेशनबाट प्रत्यक्ष निर्बाचित हुने अध्यक्ष सहित यस प्रकारको जिल्ला कार्यसमिति गठन हुनेछ ।<br>(क) शाखाको कार्यसमितिमा कार्यसमिति सदस्यहरू सम्बन्धीत समूहबाट निर्वाचित हुनेछन् भने अध्यक्ष प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुनेछ । बाँकी अन्य निर्वाचित सदस्यमध्येबाट संसदिय प्रणाली (क्याविनेट प्रणाली) बाट अन्य पदाधिकारीहरू चयन गरिनेछ । उक्त निर्वाचित सदस्यहरू मध्येबाट उपाध्यक्ष १ (एक), सचिव १ (एक), सहसचिव १ (एक), कोषाध्यक्ष १ (एक) र अध्यक्षबाट १ महिला सहित २ जना भएको शाखा कार्यसमिति हुनेछ । १०१ जना भन्दा बढि भएको जिल्लाशाखामा थप १ जना उपाध्यक्ष थप गर्न सकिनेछ । निबर्तमान अध्यक्ष स्वत: दोस्रो बरिएता क्रमको पदाधिकारी सदस्य हुने छ ।<br>(ख) साधारण सदस्य संख्याका आधारमा कार्यसमितिको संख्या निर्धारण गरिनेछ । त्यसो गर्दा ३५ जना सम्म सधारण सदस्य भएमा ९ (नौ) जनाको कार्यसमिति, ३६ देखि १०० जना सम्म सदस्य भएमा ११ (एघार) जनाको कार्यसमिति, १०१ देखि बढी सदस्य भएमा १५ (पन्ध्र) जनाको कार्यसमिति हुनेछ । यसरी सदस्यहरुको निर्वाचनहुदा व्यक्तिगत सदस्यसमुहबाट ५० प्रतिशत, संस्थागत र विषयगत समुहबाट ५० प्रतिशत हुनेछ । कुनै शाखामा उल्लेखित सदस्य संख्या अपुग भए मध्येकै सदस्य समुहबाट कार्यसमिति गठन गर्न बाधा पुग्ने छैन । १०१ (एक सय एक) जना भन्दा बढि सदस्य भएका जिल्ला शाखामा थप १ उपाध्यक्ष थप गर्न | निर्वाचनको सहजताको लागि |

| | | |
|---|---|---|
| | सकिने छ ।<br>(ग) जिल्ला शाखाको अध्यक्ष हुन कम्तीमा १ कार्यकाल पदाधिकारी भई कार्य गरेको हुनुपर्ने छ । पदाधिकारी हुनको लागि १ कार्यकाल कार्यसमिति सदस्य र कार्यसमिति सदस्य हुन १ वर्ष कुनैपनि शाखाको साधारण सदस्य भएको हुनुपर्नेछ । माथी जे कुरा लेखिएको भएता पनि कुनै पनि जिल्ला शाखा स्थापना भएको ४ (चार) बर्ष पश्चात मात्र यि नियमहरू लागु हुनेछन् ।<br>(घ) जिल्ला शाखाको पूर्व अध्यक्षहरू (क्यान संघ तथा क्यान महासंघ दुबैका) स्वतः सभापति परिषद्का सदस्य हुनेछन् । जिल्ला शाखा संचालनको लागि केन्द्रिय समितिले निर्देशिका, नियम वा विनियम बनाई लागू गर्नेछ ।<br>(ङ) जिल्ला शाखाको साधारण सभा, विशेष साधारण सभा तथा निर्वाचन कार्यक्रमहरूमा केन्द्रिय समिति वा निजले तोकेको प्रतिनिधिलाई अनिवार्य आमन्त्रण तथा सहभागी गराईनुपर्नेछ ।<br>(च) जिल्ला शाखाले साधारण सभा वा महाधिवेशन तोकिएको समयमा सम्पन्न गर्न नसक्ने भएमा कार्यसमितिको दुई तिहाइ सदस्यको निर्णयबाट केन्द्रीय कार्यसमितिमा पठाउनु पर्नेछ । | |
| | **दफा ३१ : सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार**<br>**क)** कोषाध्यक्षको अनुपस्थीतिमा कोषाध्यक्षले गर्ने खाता संचालन बाहेकका सबै काम हरु गर्ने ।<br>ख) जिल्ला शाखा र प्रदेश महासंघ को सम्पुर्ण आर्थिक कारोबारको अनुगमन सुपरिवेक्षण गर्ने | |
| **व्यक्ति सरह कारोवार गर्न पाउने :** संस्थाले व्यक्ति सरह आफुलाई आवश्यक पर्ने घर, जग्गा, सवारी साधन खरिद गर्न पाउनेछ तर अचल सम्पत्ति विक्रि गर्दा साधारण सभाद्धारा पारित गरी नेपाल सरकारको पुर्व स्वीकृति लिई बिक्रि गर्नेछ । संस्थाको प्रत्येक शाखाको अलग अलग बैंक खाता रहनेछ । विषयगत तथा जिल्ला शाखाहरुको वार्षिक लेखा परिक्षण गराउने कार्य सम्बन्धित शाखा तथा विषयगत सदस्यको जिम्वेवारी हुनेछ । | **व्यक्ति सरह कारोवार गर्न पाउने:** संस्थाले व्यक्ति सरह आफुलाई आवश्यक पर्ने घर, जग्गा, सवारी साधन खरिद गर्न पाउनेछ तर अचल सम्पत्ति विक्रि गर्दा साधारण सभाद्धारा पारित गरी नेपाल सरकारको पुर्व स्वीकृति लिई बिक्रि गर्नेछ । संस्थाको प्रत्येक **प्रदेश महासंघ र जिल्ला** शाखाको अलग अलग बैंक खाता रहनेछ । प्रदेश महासंघ तथा विषयगत र जिल्ला शाखाहरुको वार्षिक लेखा परिक्षण गराउने कार्य सम्बन्धित महासंघ र शाखा तथा विषयगत सदस्यको जिम्वेवारी हुने छ । साथै आर्थिक कारोवारको जिम्वेवारी केन्द्रको कार्य समितिमा, प्रदेश | देशमा संघियता कानून लागु भएकोले । प्रदेश महासंघको हकमा देशमा संघियता लागु हुने र जिल्ला शाखाको हकमा प्रस्ट विधानमा व्यवस्था नभएकोले । |

| | | |
|---|---|---|
| | महासंघको प्रदेश कार्य समितिमा र जिल्ला शाखाको हकमा जिल्ला कार्य समितिमा रहने छ । साथै जिल्ला शाखाको लेखा परीषण गरी सोको जानकारी प्रदेश महासंघमा पठाउनु पर्ने र प्रदेश महासंघले केन्द्रीय कार्य समितिमा पठाउनु पर्ने छ । | |
| **संस्थाको छाप (अनुसूचि नं. २)** वृत्तकार आकृतिमा CAN Federation र भित्र FCAN लेखिएको देहाय अनुसारको महासंघको छाप हुनेछ । | वृत्तकार आकृतिमा Federation of Computer Association Nepal 1992 भई विचमा गोलाकारमा CAN Federation लेखिएको देहाय अनुसारको क्यान महासंघको छाप हुनेछ । | संस्थाको छाप र लोगो पहिचानमुखि बनाउनको लागि |
| निर्वाचनको लागि सहयोग ४० को ६ निर्वाचन समितिलाई सहयोग गर्नु केन्द्रिय कार्यसमितिको कर्तव्य हुनेछ । जिल्ला शाखाको हकमा भने केन्द्रिय समितिको निर्णय वा निर्देशिका अनुरुप हुनेछ । | केन्द्रीय कार्यसमितिको निर्वाचनको हकमा कम्तीमा २१ दिन अघि केन्द्रीय समिति भन्दा बाहिरका व्यक्तिहरूबाट कम्तीमा १ (एक) जना कानुन व्यवसायी रहनेगरी निर्वाचन समिति गठन गरिनेछ । जिल्ला कार्यसमितिको निर्वाचनको हकमा कम्तिमा १५ दिन अघि कम्तिमा १(एक) जना कानुन व्यवसायी रहने गरी निर्वाचन समिति गठन गरि अनिवार्यरुपमा केन्द्रिय कार्य समितिलाई जानकारी दिनु पर्ने छ ।<br>वस्तुगत समूहका प्रत्येक सस्थालाई एक मतको मतअधिकार अधिकार रहने छ । | निर्वाचन सहजताको लागि |